बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

### (स्थानीय राजपत्र)

खण्ड १ बर्ष ५ अंक १४ मिति : कार्तिक ७ गते २०७८

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## भाग -२

# बुद्धभुमि नगरपालिका स्तरिय महिला स्वास्थ्य स्वयंसेविकाहरुको परिचालन र सामाजिकरण सम्वन्धि कार्याविधि २०७८

*कार्यपालिका निर्णय मिति: २०७८।६।२२ गते*

स्वास्थ्य स्वंयम सेविकाहरू लाई सशक्त रुपमा परिचालन गर्ने तथा राष्टिय सामुदायिक महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रम रणनिती २०६७ र पहिलो संशोधन २०७६ को दफा २.३.२ (घ) तथा (ङ) को व्यवस्थाका अलवा नगरपालिका वाट समेत थप सुविधा सहित स-सम्मान विदाई गर्न स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा ११ को उपदफा(झ) द्वारा पालिकाको क्षेत्रमा आधारभुत स्वास्थ्य व्यवस्थापन गर्ने प्रयोजनको लागि सोही ऐनको उपदफा(६) तथा दफा(१०२) को उपदफा (२) तथा बुद्धभुमि नगरपालिकाको प्रशासनिक कार्यबिधि नियमित गर्ने ऐन- २०७५ बमोजिम यो कार्यबिधि कार्यपालिकाबाट पारित भइ स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

१) परिभाषा :

(क) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा बुद्धभुमि नगरपालिका स्तरमा महिला स्वास्थ्य स्वयं सेबिकाहरुको परिचालन र सामाजिकीकरण सम्बन्धि कार्यबिधि २०७७ भन्नाले पालिका स्तरमा कार्यरत स्वयंम सेविकाको परिचालन र सामाजिकरण सम्बन्धी कार्यको व्यस्थापन भनि वुझ्नुपर्नेछ।

अ) "नगरपालिका" भन्नाले बुद्धभूमि नगरपालिका सम्झनु पर्नेछ।

आ) "कार्यपालिका" भन्नाले बुद्धभूमि नगर कार्यपालिकालाई सम्झनु पर्नेछ।

इ) "नगर उपप्रमुख" भन्नाले बुद्धभूमि नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्नेछ।

ई) "कार्यपालिका सदस्य" भन्नाले बुद्धभूमि नगर कार्यपालिकाको सदस्यहरू मध्ये दफा (१) को उपदफा (२) का लागि तोकिएका सदस्यहरू लाई सम्झनु पर्नेछ ।

उ) "महिला स्वंयम सेविका सञ्जाल अध्यक्ष र सचिव" भन्नाले नगरस्तरीय स्वंयम

सेविकाहरू बाट गठित पालिका स्तरीय समितिको अध्यक्षतामा सचिवलाई सम्झनु पर्नेछ ।

ऊ) "समिति" भन्नाले दफा (१) काो उपदफा (२) बमोजिम परिचालन तथा सामाजिकीकरण प्रयोजनका कार्य सरलीकरण गर्न गठित समितिलाई बुझिनेछ ।

२) परिचालन तथा व्यवस्थापन :

संघिय निर्देशन तथा पालिकाबाट संचालन गर्ने स्वास्थ्य जन्य सचेतीकरण गतिविधिहरुमा महिला स्वयम सेविकाको उच्चतम परिचालन गरिनेछ । परिचालन तथा व्यवस्थापन सहजीकरणको साथै योजना/कार्यक्रम/विधि/उपायहरुको अवलम्बन गर्न देहाय बमोजिमको परिचालन , ब्यवस्थापन सहजीकरण समिति रहनेछ ।

क) नगर उपप्रमुख - संयोजक

ख) कार्यपालिका सदस्यहरु मध्येबाट महिला, दलित अल्पसंख्यक मध्येबाट १ जना महिला सहित – २ जना सदस्य

ग) स्वय सेविका सञ्जाल मध्येबाट अध्यक्ष र सचिव – २ जना सदस्य

घ) पालिका स्तरमा क्रियाशिल गैरसरकारी संस्था (स्वास्थ्य क्षेत्रमा कार्यरत मध्ये वाट) को प्रतिनिधि – सदस्य

ङ) स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

उक्त समितिले आवश्यकता अनुसार स्वास्थ्य ईकाई प्रमुख वा स्वास्थ्य कर्मी , पारामेडिसियन वा जनप्रतिनिधि, कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।
समितिको बैठक कम्तिमा वर्षको २ पटक वस्ने छ ।

३) सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकाहरुको संख्या :

बदलिदो परिवेश , जनतामा स्वास्थ्य सचेतनामा आएको बढ्दो परिवर्तन र यातायातको पहुच र संचारका कारणले बढ्दो सुगमतालाई मध्येनजर गर्दै साबिक गा.बि.स.को साविक प्रति वडामा १ जनाका दरले हुनआउने जम्मा वडा संख्या ९० भएकोले सोहि अनुरुप पालिका स्तरमा अधिकतम ९० जनाको संख्यामा हुने गरि स्वंयम सेविका संख्या अनुकुलित गर्दै लगिने छ । अनुकुलित गरिने आधार तथा उपायहरु

क) साविक गा.बि.स. को साविक वडामा एक जना भन्दा बढी स्वयंसेविका रहेको भएता पनि, मुत्यु वा अन्य करणले खाली हुन आएमा भर्ना नलिने ।

ख) स्बयंम सेविकाको उमेर हदलाई ६० वर्ष कायम गरिनेछ ।

ग) स्वयं सेविका छनौटलाई पारदर्शी बनाउन सम्बन्धित वडाको वडा अध्यक्षको संयोजनमा वडामा रहेको स्वास्थ्य प्रमुख तथा वडा सचिव रहेको समितिले आमा समूहद्बारा आयोजित भेलाको रोहवरमा सहभागिता मुलक र सम्भाब्य उम्मेदवार बिच प्रतिस्पर्धा गरी /गराई छनौट गर्नेछ र सो जानकारी वडा तथा पालिकामा गराउनु पर्ने छ ।

घ) स्वयं सेविकाका लागि विद्यमान शैक्षिक अवस्थालाई मध्ये नजर गरि न्युतम एस.ई.ई. उत्तिर्ण गरेको उक्त समुदायमा तथा साविकको वडामा एस.ई.ई. उतिर्ण गरेको नभए वा ईच्छुक नभए मात्रै आठ कक्षा पास गरेको र सोही वडामा स्थायी रुपमा बसोबास रहेको विवाहित महिलाबाट छनौट गर्ने व्यवस्था मिलाउने ।

४) कार्यरत उमेर हद पुरा भएका महिला स्वंयम सेविकाहरूको सम्मानजनक बिदाई/ सुविधाद्बारा सामाजिकीकरण :

महिला स्वयंसेविकाको विगतको योगदानलाई उच्च सम्मान गर्दै नवरक्त संचार प्रबाह गर्ने वातावरण सिर्जना गर्न ६० वर्ष उमेर पुगेका , मुत्युका कारणले अव उप्रान्त खाली हुने वा स्वैच्छिक रुपमा स्वयंमसेविका छोड्न चाहेनेहरुका लागि संघिय रणनितीमा उल्लेखित सुविधाका अलवा नगरपालिकाको तर्फबाट देहाय अनुरुप सुविधा, सम्मान प्रदान गरिनेछ ।

क) माथि उल्लेखित कारणले सेवा परित्याग गर्दा संघिय रणनितीमा उल्लेखित सुविधाका अलवा नगरपालिकाको तर्फबाट प्रति वर्ष सेवा अवधि वापत रु. २०००/- सुविधा उपलब्ध गराइने छ । उक्त प्रयोजनका लागि ठोस आधार तथा प्रमाण सम्वन्धित स्वास्थ्य चौकी मार्फत नगरपालिकाको स्वास्थ्य शाखामा वुझाउनु पर्नेछ । उक्त प्रयोजनका लागि अल्या वा मिल्दो शिर्षकबाट बजेट व्यवस्था मिलाईने छ र आगामी नगरसभाबाट अनुमोदन गर्ने व्यवस्था मिलाइनेछ ।

ख) बिगतको सेवाको सम्मान स्वरुप नगरपालिकाको कार्यपालिकाको बैठकमा बा अन्य बिशेष कार्यक्रम आयोजना गरी दोसल्ला तथा प्रमाण पत्र सहित सम्मान तथा बिदाई गरिनेछ ।

ग) नगरपालिकाको तर्फबाट स्वयं सेविका सेवा निवृत पछि बहुउपयोग हुने परिचय पत्र बितरण गरिनेछ ।

५) सामाजिकीकरण पश्चात थप सुविधा :

क) कार्यरत स्वयम सेविकाको मृत्यु भएका बखत सहानुभूति स्वरुप खर्च व्यवस्थापनका लागि रणनीतिमा उल्लेखित रकममा शत प्रतिशत नगरपालिका वाट थप गरि क्रिया खर्च परिवारलाई उपलब्ध गराउने छ ।

ख) नगरपालिकाबाट प्रवाह हुने सेवा प्रवाह, सिफारिसहरुमा अवकास प्राप्त स्वयंम सेविका वा निजको परिवारलाई निज स्वयसेविका जिबित रहुन्जेल नगरपालिका वाट लिइने शुल्क दस्तुर, पचास प्रतिशत (५०%) छुट दिइनेछ ।

६) संशोधन तथा पारिमार्जन :

यस कार्यबिधिको संशोधन परिमार्जन, परिष्करण, अनुकलन गर्ने जिम्मेवारी, दायित्व नगरपालिकाको हुनेछ ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# साना कृषि मेशिनरी उपकरण अनुदान कार्यक्रम कार्यविधि २०७७ तथा साना कृषि मोशिनगरी उपकरण अनुदान कार्यक्रम कार्यविधि २०७७ को र साना सिचाई (मोटर तथा पम्पसेट) मा ७० प्रतिशत अनुदानमा वितरण कार्यक्रम कार्यविधि २०७७ को देहायका दफाहरूमा देहाय बमोजिम संशोधन भएकाले सरोकारवालालाई जानकारी सम्बन्धमा

*कार्यपालिका निर्णय मितिः २०७८।६।२१ गते*

क) साना कृषि मेशिनरी उपकरण अनुदान कार्यक्रम कार्यविधि २०७७ को ४ को कार्य सञ्चालन र प्रकृयाको ४.२ मा यस कार्यक्रममा सम्मिलित हुन बुँदा नम्बर ४.३ बमोजिम मापदण्ड पुरा गरेका इच्छुक समूह/कृषि सहकारी/फर्म रहेकोमा व्यवसायिक कृषक थप तथा ४.३ को छनौटका मापदण्डमा व्यवसायिक कृषक कम्तिमा ७ कठ्ठा व्यवसायिक खेती गरेको थप गरी संशोधन गर्ने निर्णय गरियो।

ख) नगरपालिकाद्वारा जारी साना कृषि मोशिनगरी उपकरण अनुदान कार्यक्रम कार्यविधि २०७७ को र साना सिचाई (मोटर तथा पम्पसेट) मा ७० प्रतिशत अनुदानमा वितरण कार्यक्रम कार्यविधि २०७७ को ४ को कार्य संचालन र प्रकृयाको ४.२ मा यस कार्यक्रममा सम्मिलित हुन बुँदा नं. ४.३ बमोजिम मापदण्ड पुरा गरेका इच्छुक समुह / कृषि सहकारी/फर्म रहेकोमा व्यवसायिक कृषक थप तथा ५ मा छनौटका मापदण्डमा व्यवसायिक कृषक कम्तिमा ५ कठ्ठामा लिज वा भाडामा व्यवसायिक खेती गरेको थप गरी संशोधन गर्ने र साना सिचाई (मोटर तथा पम्पसेट) मा ७०% अनुदानमा वितरण कार्यक्रम कार्यविधि २०७७ मा देहाय बमोजिम संशोधन गरी राजपत्रमा प्रकाशन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत